**मिति २०७७/०१/१८ गते बसेको मर्स्याङदी गाउँपालिकाको ६० औं बैठकको निर्णयहरु ।**

१. COVID 19 कोरोना भाइरस संक्रमणको कारण मुलुकमा भएको लकडाउनले यस आ.व.को निर्माण योजनाहरुमा प्रत्यक्ष रुपमा प्रभाव परि निर्धारित समयमा योजनाको निर्माण कार्य सम्पन्न गर्न नसकेकोले सम्पूर्ण योजनाहरुको निर्माण गरिसक्नु पर्ने सम्झौता अवधि मिति २०७७ जेठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

२. COVID 19 कोरोना भाइरस संक्रमणको कारण मुलुकमा भएको लकडाउनले व्यापार व्यवसायमा प्रत्यक्ष प्रभाव पर्न गएकोले यस आ.व.२०७६/०७७ को गाउँपालिकाले लिने गरेको व्यवासायीक कर मिनाहा गर्ने निर्णय गरियो ।

३. अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय सा.अनुदान शिर्षक अन्तर्गतको कार्यालय सँग सम्बन्धित अन्य सार्वजनिक निर्माण खर्च शिर्षकबाट भुक्तानी हुने गरि खुदी खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई झोलुङ्गे पुल निर्माणको लागि पुलको जिप रहने स्थानको बिद्युतको पोल स्थानान्तरण गर्नको लागि रु. १,२३,८६२।०१ अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**४. यस आ.व. २०७६/०७७ को निम्न शिर्षकहरुमा बिनियोजित रकम निम्न शिर्षकहरुमा रकमान्तर गर्ने गर्ने निर्णय गरियो ।**

- गाउँपालिकाको प्रशासकिय भवन निर्माणमा विनियोजित रकमबाट खरको छाना मुक्त पालिकाको लागि जस्ता खरिदमा रु.२०,००,०००।- रकमान्तर गर्ने ।
- सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) अन्तर्गतको सिपमुलक तथा क्षमता विकास तालिम शिर्षकबाट ग्याबियन जाली खरिद गर्न रु.३,००,०००।-र २० एम एम खानेपानी पाईप खरिद गर्न रु.२,००,०००।- रकमान्तर गर्ने ।
- **कृषि सेवा तर्फको निम्न शिर्षकहरुमा रहेको बजेट रकमान्तर गर्ने ।**
  - १.१) कृषक अवलोकन भ्रमणको रु.२,००,०००।-, ७.१) अलैची भट्टीमा सहयोग ढुवानी सहितको रु.२,००,०००।-, १६.२) जैविक विषादी उत्पादन तालिम रु.२,००,०००।- र २.३) ५० प्रतिशत अनुदानमा किवी विरुवा वितरण ढुवानी सहित रु.१,०१,०००।- गरी जम्मा रु.७,०१,०००।- लाई खाद्यन्न बिकास कार्यक्रममा रकमान्तर गर्ने ।
  - २.४) किवि खेती तालिमको रु.१,००,०००।-, ७.३) हलेदो खेति सहयोग ढुवानी सहितमको रु.१,००,०००।-, ६.२) चिराईतो खेति सहयोग रु.१८७,५००।- गरी जम्मा रु.३,८७,५००।- लाई ५० प्रतिशत अनुदानमा यूरियामा रकमान्तर गर्ने ।
  - १६.१) एकिकृत शत्रुजिव व्यवस्थापनको रु.१,००,०००।-, ११.५) मकै छोडाउने मेसिनको रु.५०,०००।- गरी जम्मा रु. १,५०,०००।- लाई डि ए पीमा रकमान्तर गर्ने ।
  - ४.३) कफि पम्पिङ सहयोगको रु.७५,०००।- लाई एम ओ पी मा रकमान्तर गर्ने ।
  - शिर्षक नं. ५.५ लाई शिर्षक नं. ५.२ रकमान्तर गर्ने ।
  - ११.३) धान काट्ने मेसिनलाई ईन्डियन मिनिटिलर खरिद वितरण ढुवानी सहितमा रकमान्तर गर्ने ।

- **पशु सेवा तर्फको निम्न शिर्षकहरुमा रहेको बजेट रकमान्तर गर्ने ।**
  - च.१) गाउँपालिका स्तरिय व्यवसायिक पशुपंछिपालन तालिमको रु.१,५०,०००।-, च.२) सरोकारवालाहरु सँग अन्तरक्रिया कार्यक्रमको रु.३०,०००।- गरि जम्मा रु. १,८०,०००।- लाई पशु आहार अनुदान कार्यक्रममा रकमान्तर गर्ने ।
  - च.३) कृषक अवलोकन भ्रमणको रु.२,००,०००।- लाई ख.६) फार्म दर्ता भएका घुम्ति गोठका लागि अनुदानमा सोलार टुकी, त्रिपाल वितरणमा रकमान्तर गर्ने ।
  - ख.५) यूवा लक्षित उद्यम विकास कार्यक्रम (छनौटका आधारमा समुहलाई) को रु. १००,०००।- च.६) पशु विमामा रकमान्तर गर्ने ।
  - ख.१२) सानैन बाखा विकासको रु.१,००,०००।- लाई क.३) व्यवसायिक बंगुर पालक किसानलाई खोर सुधार कार्यक्रममा रकमान्तर गर्ने ।
  - राँगो वितरण कार्यक्रमको रु.३,५०,०००।-लाई ख.५) डिपिङ ट्याङ मर्मत निर्माण कार्यक्रममा रकमान्तर गर्ने ।
- अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय सा. अनुदान अन्तर्गतको योग शिविर सञ्चालन शिर्षकमा रहेको रु.३,००,०००।- बजेटलाई आयुर्वेद औषधि तथा उपकरण खरिद शिर्षकमा रकमान्तर गर्ने ।
- गाउँपालिकाको स्थानिय भत्ता शिर्षकबाट सुचना तथा संचारमा रु. ५,००,०००।- बजेट रकमान्तर गर्ने ।
- वडा नं. १ को सामुदायिक घुम्ति भेडी गोठको रु. ५०,०००।- लाई माक्स खरिद तथा वितरणमा र यूवा तथा खेलकुद विकास कार्यक्रमको रु.१,५०,०००।- लाई कोरोना भाईरस संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक कार्यक्रममा रकमान्तर गर्ने ।
- वडा नं. २ को यूवा तथा महिला विकास कार्यक्रमको रु.२,००,०००।- लाई कोरोना भाईरस नियन्त्रण तथा रोकथामका लागि आवश्यक पर्ने कार्यक्रममा रकमान्तर गर्ने ।
- वडा नं. ३ को कफि खेति विकासको रु. १,००,०००।- लाई कोरोना भाईरस नियन्त्रण तथा रोकथामका लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रम र ननम्रो सामुदायिक भवनको रु. १,५०,०००।- लाई ननम्रो देउराली मोटरबाटोमा रकमान्तर गर्ने ।
- वडा नं. ४ को सरसफाई कार्यक्रमको रु.२,००,०००।- लाई रु.९०,०००।- माक्स खरिद तथा वितरणमा, रु. २५,०००।- प्लाष्टिक कुर्ची खरिद र रु. ८५,०००।- खानेपानी तथा फोहोरमैला व्यवस्थापन सामाग्री खरिद गर्न रकमान्तर गर्ने ।
- वडा नं. ५ को यूवा तथा महिला विकास कार्यक्रमको रु.२,००,०००।- लाई कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रममा रकमान्तर, फलफुल तथा जटिबुटि प्रवर्द्धनलाई फलफुल, विऊ विजन तथा जटिबुटि प्रवर्द्धनमा रकमान्तर र ठुला नागी ताल पर्यटकिय स्थल सम्भावना अध्ययन तथा प्रवर्द्धनलाई बडाल विसौना खोरियाखेत गोरेटो बाटोमा रकमान्तर गर्ने ।
- वडा नं ६ को उपल्लोडी गोरेटोबाटो शिर्षकको रु.१,००,०००।- लाई कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रममा रकमान्तर गर्ने।
- वडा नं. ७ को कृषि विकास कार्यक्रमको रु.७०,०००।- कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रममा रकमान्तर गर्ने ।

- वडा नं. ८ को कृषि र पशु विकास कार्यक्रमबाट रु.१,००,०००।- कोरोना रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रम र महिला यूवा आय आर्जन कार्यक्रमबाट रु.५०,०००।- गर्ववति, सुत्केरी र १००० दिनका आमाहरुलाई पोषण तथा सामाग्री र सचेतना कार्यक्रममा रकमान्तर गर्ने ।
- वडा नं. ९ को यूवा शसक्तिकरण शिर्षकबाट रु.५०,०००।-, महिला शसक्तिकरण शिर्षकबाट रु.५०,०००।- र कृषि बिकास कार्यक्रम शिर्षकबाट रु.१,००,०००।- गरी जम्मा रु.२,००,०००।- कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद तथा कार्यक्रममा रकमान्तर गर्ने ।

५. नेपाल सरकारको परिपत्र अनुसार कर्मचारीहरुको अधिकृत स्तरको ५ दिन र अन्यको ३ दिनको तलब कट्टि गरिएकोमा फेरी पछि प्राप्त परिपत्र अनुसार स्वास्थ्यकर्मीहरुको तलब कट्टि गर्न स्वैच्छिक भन्ने आएकोले यस गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको कट्टि भएको तलब फिर्ता गर्ने निर्णय गरियो । साथै यो जटिल परिस्थितिमा स्वास्थ्यकर्मीहरुले पुऱ्याएको योगदानको कदर गर्दै उनिहरुले खाईपाई आएको मासीक तलब भत्ताको २५ प्रतिशत रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

६. आगामी आ.व. २०७७/०७८ को बजेट, निति तथा कार्यक्रमलाई व्यवस्थित, जनमुखि र प्रभावकारी बनाउनको लागि आवश्यक सम्पूण तयारीहरुलाई अगाडी बढाउने निर्णय गरियो ।

७. COVID 19 कोरोना भाइरस संक्रमणको कारण सरकारले गरेको लकडाउनलाई थप प्रभावकारी बनाउन र संक्रमणबाट बच्नको लागि यस गाउँपालिकाको पर्यटकिय स्थलहरु बराहपोखरी, हर्सिङ डाँडाँ, तातोपानी कुण्डहरुमा जान अर्को सुचना प्रकाशन नहुन्जेल सम्म पूर्ण रुपमा रोक लगाउने निर्णय गरियो । साथै यस गाउँपालिका भएर जाने विभिन्न पर्यटकिय स्थलहरु र गाउँपालिका भित्रका विभिन्न गाउँ वस्तिहरुमा अनावश्यक भिडभाड गर्ने जमघट हुने कुरालाई पनि कडाईका साथ नियन्त्रण गर्ने निर्णय गरियो ।

८. COVID 19 कोरोना भाइरस संक्रमणको कारण मुलुकमा भएको लकडाउनका कारण विपन्न परिवार र दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरु १२१९ परिवारलाई वडाहरु मार्फत हाल सम्म वितरण गरिएको राहत विवरण अनुमोदन गर्ने निर्णय गरियो । अव उप्रान्त अर्को निर्णय नहुन्जेल सम्मको लागि राहत वितरण कार्यक्रम बन्द गर्ने निर्णय गरियो । तर कुनै परिवार जसको अत्यन्तै जटिल अवस्था भएको जानकारी हुन आए वडाको सिफारिसमा गाउँपालिकाले सोझै राहतको व्यवस्था गर्ने समेत निर्णय गरियो ।

९. COVID 19 कोरोना भाइरस संक्रमणको कारण मुलुकमा भएको लकडाउनले विशेष गरि होटल रेस्टुरेन्टहरु बन्दा हुनाले किसानहरुको बन्दा बिक्रि हुन नसकि कुहिएर जाने स्थिति भएकोले स्थलगत अनुगमन गरी राहत स्वरुप बन्दामा प्रति किलो रु.१० उत्पादनमा आधारित अनुदान उपलब्ध गर्ने निर्णय गरियो ।

१०.यतिखेर बन चोरि निकासीको अवस्था हुन सक्ने भएकाले वडा वडामा वन कार्यालय, प्रहरी प्रशासन सँग समन्वय गर्दै लेकहरुमा कडाईका साथ गस्ति गर्ने र दोसीलाई कानुनी कार्वाहीको दायरामा ल्याउने निर्णय गरियो ।

११. हाल सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना ईकाईमा कार्यरत श्री नन्दराज गुरुङलाई अर्को व्यवस्था नभए सम्मको लागि यस गाउँपालिकाको सामाजिक विकास शाखा अन्तर्गतको सहकारी र गरिवी निवारण कोष सम्बन्धि कामकाज गर्ने गरि थप जिम्मेवारी दिने निर्णय गरियो । साथै सोही शाखामा कार्यरत लक्ष्मी घलेलाई अर्कौ व्यवस्था नभए सम्मको लागि सामाजि विकास शाखाको महिला बिकास तथा अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि कामकाज गर्ने गरि थप जिम्मेवारी दिने निर्णय गरियो ।

१२.२०७६ भदौ १ गते आएको भिषण बर्षाको कारण मर्स्याङ्दी -७, स्थित सिस्नेरी बालुला सिँचाई र उस्ता फाँट सिँचाईलाई क्षति पुऱ्याएकोले तत्काल उक्त सिँचाई योजनाहरुको मर्मत गर्न सिस्नेरी बालुवा सिँचाईलाई रु.१५०,०००।- र उस्ता फाँट सिँचाईलाई रु.१,००,०००।- विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

१३. मिति २०७६/१०/०८ मा यस मर्स्याङ्दी गाउँपालिका र Safe Steels बीच गाउँपालिकाको ३ झोलुङ्गे पुल (खुदी,करे र पोजे) लाई Fabricated Steel Parts खरिद गर्ने भनि गरिएको सम्झौता **(Contract Identification No.: 03/MRM/Trail Bridge / 2076 - 77)** कोरोना भाइरसको महामारीको कारणले भएको बँन्दाबन्दीले सिर्जित समस्या र Safe Steels को मिति २०७६/१२/२० को सम्झौताको म्याद थप गर्ने निवेदनलाई आधार मानेर २०७६/०३/०५ गते सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

१४. विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधिको पचिच्छेद-४को दफा १९ ङ मा व्यवस्था भए अनुसार सम्बन्धित वडाको वडा अध्यक्षले निर्णयको प्रतिलिपी र सर्जमिन मुचुल्का सहित सिफारिस भई आएका भन्नेमा वडाको वडा अध्यक्षले निर्णयको प्रतिलिपी मात्रै कायम गरी सर्जमिन मुचुल्का हटाउने गरी संसोधन गर्ने निर्णय गरियो ।

१५. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ को परिच्छेद - २ को उदेश्य,मापदण्ड को दफा ४ को उपदफा (ख) मा अति अशक्त अपाङ्गता को ३. मा पक्षघातका कारण शरिरको एक तर्फी भाग वा हात,गोडा शारिरको भाग नचल्ने,पक्षघातका कारण दैनिक कृयाकलाप गर्न नसक्ने व्यक्तिहरु थप गर्ने ।

परिच्छेद ३ को परिचय पत्र ढाँचा र समन्वय समिति सम्वन्धि दफा ६ को उफदफा (१) को समन्वय समितिमा निम्नानुसार संसोधन गर्ने

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य | - सदस्य |
| (ग) गाउँकार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय अस्पतालको चिकित्सक (स्थानीय तहमा चिकित्सक नहुँदा जिल्ला अस्पतालको चिकित्सक) | - सदस्य |
| (घ) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति | - सदस्य |
| (ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| (च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्षले मनोनित गरेको अपाङ्ग सञ्जालको अध्यक्ष | - सदस्य |
| (छ) गाउँपालिको महिला तथा बालबालिका शाखा प्रमुख | - सदस्य सचिव |

१६. गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा निर्माण हुन लागेको Construction of Segle Water Supply Project को रु.१ करोडमा टेन्डर भई रु.६९,४७,१६७५४ मा मोती कन्स्ट्रक्स्नले कबुल गरेको आधारमा सम्झौता भई काम शुरु भएको तर उक्त ठाँउमा गोर्खा वेल्फेयर ट्रस्टको खानेपानी योजना पनि परेको हुँदा दुवै योजनालाई कार्यान्वयन गर्दा धेरै घरधुरी लाभन्वित हुन सक्ने भएकोले वडा बासीहरुको अनुरोध र सहमतिमा Segle Water Supply Project को केही संरचनाहरुलाई नयाँ ठाँउमा सार्न आवश्यक ईस्टिमेटलाई रिभाइज गरि पुरानो कवोल रकममा नघट्ने गरी रु.६९,४५,२१५।०१ मा मोती कन्स्ट्रक्सनलाई Variation Order गर्न मिति २०७७०१।१० गते बसेको खरिद सहजिकरण समितिको सिफारिस बमोजिम Variation Order लाई स्वीकृत गरी कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१७. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- शेर बहादुर अधिकारी, मर्स्याङ्दी -९, रु.१०,०००।- (मृगौला रोगी)

१८. सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे. क्वा., लमजुङले कार्यालयको आन्तरिक कार्य व्यवस्थापनको लागी आवश्यक सहयोगको माग गरेको हुँदा विपद व्यवस्थापन कोषबाट रु.३०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१९. आउँदै गरेको वर्षातको समयलाई मध्यनजर राखी निम्न स्थानहरुमा बर्षाको समयमा अस्थायी काठ वा बाँसका पुलहरु राख्दा स्थानियहरुलाई सहज हुने हुँदा सोका लागि निम्नानुसार बजेट विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

- रोप्लेखोला पुल मर्मत, मर्स्याङ्दी -२ रु. ६,०००।-
- शिउरुङ खोला, मर्स्याङ्दी -३ रु. ३,०००।-
- छहरेखोला, मर्स्याङ्दी -३ रु.३,०००।-
- थाकन शिउरुङ जाने खोला, मर्स्याङ्दी -३ रु.३,०००।-
- पधेरो खोला, मर्स्याङ्दी -३ रु.३,०००।-
- घोप्टे कालाघिरिङ, मर्स्याङ्दी -४ रु. रु.५,०००।-
- शिलढुङ्गा कालाघिरिङ, मर्स्याङ्दी -४ रु रु.३,०००।-
- आठखेत शिलढुङ्गा, मर्स्याङ्दी -४ रु.३,०००।-
- घट्टेखोला, मर्स्याङ्दी -५ रु. ५,०००।-
- खाउ खोला, मर्स्याङ्दी -५ रु. ५,०००।-
- यूग्ले खोला, मर्स्याङ्दी - ६ रु. ५,०००।-
- सेरा - उस्ता फड्के निर्माण, मर्स्याङ्दी -७ रु.५,०००।-
- छिनखोला बराहपोखरी, मर्स्याङ्दी -७ रु. रु.३,०००।-
- ढाँड खोला, मस्याङ्दी -९,५४,०००।-